अनुसूची-२

(दफा ४ तथा अनुसूची-१ को भाग-२ सँग सम्बन्धित)

थासाङ गाउँपालिका

# स्थानीय राजपत्र

| खण्ड : ७ | संख्या :१ | मिति :२०८०।०२।०४ |
|---|---|---|

## भाग — २

## थासाङ गाउँपालिका

# कृषि तथा पशुपालन कार्यक्रम अनुदान कार्यविधि, २०८०

थासाङ गाउँ कार्यपालिकाबाट स्वीकृत मिति : २०८०।०२।०४

थासाङ गाउँपालिका

# कृषि तथा पशुपालन कार्यक्रम अनुदान कार्यविधि, २०८०

थासाङ गाउँपालिका

थासाङ गाउँपालिका

## गाउँकार्यपालिकाको कार्यालय

कोबाङ , मुस्ताङ

# कृषि तथा पशुपालन कार्यक्रम अनुदान कार्यविधि, २०८०

**प्रस्तावना**

थासाङ गाउँपालिका क्षेत्र भित्रमा भएका बिभिन्न कृषि तथा पशुपालन व्यवसायमा इच्छा भएका संगठित एवं असंगठित कृषकहरुलाई तिनिहरूको स्थितिमा सुधार ल्याउन, स्वरोजगारमा बुद्धि गर्न, कृषि तथा पशुजन्य पदार्थमा आत्मनिर्भर बनाउन कृषकहरुलाई स्याउ, ओखर, आलु, तरकारी तथा अन्य खेती साथै पशुपालन, माछापालन, कुखुरापालन कार्यक्रम संचालन गर्नका लागि आवश्यक अनुदान उपलब्ध गराउन कानूनी व्यवस्था गर्न वान्छनिय भएकोले स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ११ को उपदफा २(ण) र दफा १०२ को उपदफा १ ले दिएको अधिकार प्रयोग गरी थासाङ गाउँपालिकाको कार्यपालिका द्धारा यो कार्यविधी स्वीकृत गरी लागू गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः-**

(क) यो कार्यविधिको नाम "**कृषि तथा पशुपालन कार्यक्रम अनुदान कार्यविधि २०८०**" रहेको छ ।

(ख) यो कार्यविधि थासाङ गाउँकार्यपालिकाबाट स्वीकृत भएपछि प्रारम्भ हुनेछ।

२. **परिभाषाः**- विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) **"गाउँपालिका"** भन्नाले थासाङ गाउँपालिकालाई सम्झनुपर्दछ।

(ख) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले थासाङ गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्दछ।

(ग) **"शाखा प्रमुख"** भन्नाले थासाङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयका सम्बन्धित शाखाको प्रमुखलाई सम्झनुपर्दछ।

(घ) **"कार्यपालिका"** भन्नाले थासाङ गाउँपालिका, गाउँ कार्यपालिकालाई सम्झनुपर्दछ ।

(ङ) **“कार्यालय"** भन्नाले थासाङ गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

(च) **"कार्यक्रम"** भन्नाले कृषकलाई कृषि तथा पशु विकास कार्यक्रममा अनुदान सम्बन्धि कार्यक्रम सम्झनु पर्दछ ।

(छ) **"शाखा"** भन्नाले थासाङ गाउँपालिका अन्तर्गत रहेको कृषि र पशुपन्छी विकास शाखा सम्झनु पर्दछ ।

(ज) **"समिति"** भन्नाले यस कार्याविधि बमोजिम गठन हुने समिति सम्झनु पर्दछ ।

(झ) **"अनुदानग्राही/लाभग्राही"** भन्नाले थासाङ गाउँपालिकामा कृषि तथा पशुपालन पेशामा संलग्न यस कार्यविधिबमोजिम अनुदान प्राप्त गर्ने/गर्न योग्य कृषकलाई सम्झनुपर्दछ।

थासाङ गाउँपालिका

## परिच्छेद-२

## उद्देश्यहरू

३. **उद्देश्यहरू :-**

(क) सिमान्तकृत तथा अन्य आयस्तर कमजोर भएका समुदाय लक्षित कृषि खेति (स्याउ, ओखर, आलु, लगायत अन्य कृषि बाली, जौ, फापर, वा जस्ता परम्परागत रैथाने बाली आदी) जस्ता कृषि कार्य र पशुपालन, घाँसेवाली खेती, तथा मत्स्यपालन कार्यक्रम संचालन गरी उनीहरुलाई कृषि तथा पशुपन्छी पालनका क्षेत्रमा सशक्तिकरण तथा मुलप्रवाहिकरण गर्ने ।

(ख) कृषि उपज सामग्रीको उत्पादन र उत्पादकत्वमा टेवा पुर्याउने ।

(ग) कृषकलाई कृषि क्षेत्रमा आकर्षित गर्ने र पालिकाको कृषि उपज सामग्रीको आयत प्रतिस्थापन गर्ने ।

(घ) लक्षित वर्गको खाद्य तथा पोषण सुरक्षामा टेवा पुर्याउने ।

(ङ) लक्षित वर्गलाई रोजगारीको अवसर सिर्जना गरी आयआर्जनका माध्यमद्वारा जीविकोपार्जनमा सुधार गर्ने

(च) लक्षित कार्यक्रमहरुलाई प्रभावकारी, सरल र पारदर्शी रूपमा संचालन गर्ने।

(छ) गाउँपालिकाबाट प्रदान गरिने अनुदानलाई व्यवस्थित, निष्पक्ष र पारदर्शी बनाउने।

## परिच्छेद- ३

## क्षेत्र सम्बन्धि व्यवस्था

४. **कार्यक्रमका क्षेत्र सम्बन्धि व्यवस्था :-**

(१) कार्यक्रमको क्षेत्र थासाङ गाउँपालिकाका सम्पूर्ण वडा वा निश्चित वडा भित्र मात्र पनि रहन सक्नेछ ।

(२) कार्यक्रमका बिषयगत क्षेत्र :- कार्यक्रमका विषयगत क्षेत्र देहाय बमोजिम हुनेछ,

**कृषि क्षेत्र तर्फ**

(क) कृषि उपज उत्पादन (सर्वो तेल, मल, चुन, निलोतुथो खरिदमा) अनुदान

(ख) कृषि व्यवसाय प्रवर्दनको लागि मेशीन, औजार तथा उपकरण खरिदमा अनुदान

(ग) बिउ बिजन र बिरुवा (स्याउ, ओखर लगायत अन्य) खरिदमा अनुदान

(घ) कृषि उपजको उत्पादन क्रियाकलापहरु (प्रशोधन, संकलन, बजारिकरण तथा मूल्य अभिबृद्धि ) मा अनुदान

(ङ) बिषादी खरिदमा अनुदान

(च) टनेल निर्माणमा अनुदान

(छ) जौ, वा, फापर जस्ता परम्परागत रैथाने बाली प्रवर्द्धनमा अनुदान

**पशुपंक्षी क्षेत्र तर्फ**

(क) भाले याक, नाक खरिदमा अनुदान

(ख) बाख्रा खरिदमा अनुदान

(ग) बंगुरको पाठापाठी खरिदमा अनुदान

थासाङ गाउँपालिका

(घ) भैंसी/पाडा खरिदमा अनुदान

(ङ) कुखुरा, हाँसको खोर निर्माणमा अनुदान

(च) बाख्रा/भैंसीको खोर/गोठ निर्माणमा अनुदान

(छ) माछापोखरी निर्माण/माछा भुरा खरिदमा अनुदान

(ज) कृषक,कृषक समुह/सहकारी, पशु श्रोतकेन्द्र, निजि तथा सामुहिक पशुपालन फर्मको अभिलेखिकरण

**परिच्छेद-४**

**<u>अनुदान सम्बन्धी मापदण्ड</u>**

५. **अनुदान सम्बन्धी मापदण्डः** प्रस्ताव तथा कार्यक्रमको औचित्यको आधारमा निम्नानुसार अनुदान प्रदान गरिनेछ।

**कृषि क्षेत्र तर्फः**

(१) मेशिनरी औजार तथा कृषि उपकरणहरु (मिनि टिलर, हार्भेष्टर तथा अन्य उपकरणहरु) बढिमा ५० प्रतिशत सम्म

(२) कृषि उपज उत्पादन सामाग्रीः बढिमा ५० प्रतिशत सम्म

(३) बिउ बिजन र बिरुवाः बढिमा ५० प्रतिशत सम्म

(४) उत्पादन उपोरान्त क्रियाकलापहरुः बढिमा ५० प्रतिशत सम्म

(५) बिषादीः १०० प्रतिशत अनुदान (कृषि शाखामा रहने र कृषकहरुलाई आवश्यकताको आधारमा वितरण गर्ने)

**पशुपंक्षीपालन क्षेत्र तर्फः**

६. गाउँपालिकाले सम्पुर्ण पशु विकास कार्यक्रमको लागि देहायबमोजिम अनुदान उपलब्ध गराउन सक्नेछ ।

<u>५० प्रतिशत अनुदान</u>

(१) **गाई/भैंसी**

(२) गाई/भैंसीको हकमा प्रति कृषक कम्तीमा १ (एक वटा) उन्नत जातको गाई/कोरेली बाच्छी/भैंसी/पाडी प्रजनन् योग्य उमेरको वा व्याएको माउ खरिद गर्नु पर्नेछ ।

(३) **बाख्रा/बाख्राको पाठी**

(४) बाख्राको हकमा एक सदस्यको लागि बढीमा दुई वटा बाख्रा वा पाठीको लागि अनुदान रकम उपलब्ध गराईनेछ र उक्त बाख्रा प्रजननको लागि उमेर पुगेको हुनुपर्नेछ ।

(५) **बङ्गुर**

(६) बङ्गुरको पाठापाठीको हकमा एक सदस्यलाइ बढीमा दुई वटा सम्म पाठापाठी उपलब्ध गराईनेछ र त्यस्तो पाठापाठी उमेर र जात अनुसारको शारिरिक वृद्धि भएको हुनुपर्नेछ।

(७) **कुखुरा/हाँसको खोर निर्माण**

(८) कुखुरा तथा खोर निर्माणको अनुदानको हकमा कम्तीमा पचास वटा पंन्छी अट्ने खोर निर्माण गर्नुपर्नेछ ।

थासाङ गाउँपालिका

(९) **गाई/भैंसीको गोठ निर्माण**

(१०) गाई/भैंसीको गोठ निर्माणमा अनुदान उपलब्ध गराउन सकिनेछ।

<u>१०० प्रतिशत अनुदान</u>

(१) **भाले याक, नाक, बोका, राँगो, थुमा**

कृषक/कृषक समूह/कृषि सहकारी/समितिलाई भाले याक, नाक, बोका, राँगो, थुमाको हकमा बढीमा १०० प्रतिशत सम्म अनुदान उपलब्ध गराउन सकिनेछ ।

## परिच्छेद ५

## <u>कार्यक्रम संचालन प्रक्रिया</u>

६. **कार्यक्रम संचालन प्रक्रिया :-** यस कार्यक्रमलाई थासाङ गाउँपालिका, कृषि विकास र पशु शेवा शाखाबाट संचालन गरिनेछ।

७. **प्रस्ताव आव्हान :-**

(१) अनुदान कार्यक्रम संचालन गर्नको लागि अनुसूची-१ बमोजिमको ढाँचामा गाउँपालिकाले निश्चित अवधि तोकी सार्वजनिक सूचना प्रकाशित गरि प्रस्ताव आव्हान गरी निवेदन माग गर्न सक्नेछ। र सो सूचना गाउँपालिकाको कार्यालय तथा वडा समितिको कार्यालयमा समेत टाँस गर्नुपर्नेछ।

(२) उपदफा (१) सम्बन्धित कृषक/कृषक समूह/कृषि सहकारी/कृषि तथा पशुपंक्षी फर्म/ माछा फर्म/ कृषि तथा पशुपालन समितिले अनुसूची (२) बमोजिम निवेदन दिन सक्नेछन।

८. **निवेदन संकलन :-**

(१) दफा ७ को उपदफा (१) बमोजिम सूचना प्रकासित भएपछि कृषक/कृषक समूह/कृषि सहकारी/कृषि तथा पशुपंक्षी फर्म/ माछा फर्म/ कृषि तथा पशुपालन समितिले वडा कार्यालय वा सम्बन्धित शाखा कार्यालयमा तल तोकिए अनुसारको कागजात सहित आवेदन दिनुपर्नेछ ।

(क) व्यक्तिगत निवेदन र कृषि गरेको विवरण (अनुसूची-२ र अनुसूची-३)

(ख) वडा कार्यालयको दोहोरो सुविधा नलिएको साफारिस (अनुसूची ४ )

(ग) नेपाली नागरिकताको प्रतिलिपि।

(घ) कृषक/कृषक समूह/कृषि सहकारी/कृषि तथा पशुपंक्षी फर्म/ माछा फर्म/ कृषि तथा पशुपालन समितिको हकमा प्रचलित ऐन बोजिम सम्बन्धित निकायमा दर्ता र नविकरण भएको प्रमाणपत्र साथै कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि।

(ङ) कृषक/कृषक समूह/कृषि सहकारी/कृषि तथा पशुपंक्षी फर्म/ माछा फर्म/ कृषि तथा पशुपालन समितिको हकमा कार्यसमितिको बैठकले अनुदान माग गरेको निर्णयको प्रतिलिपि।

थासाङ गाउँपालिका

(च) जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि र जग्गा भाडामा लिएको भए प्रचलित नियम बमोजिम कम्तिमा ५ बर्षका लागि भाडामा लिएको खुल्ने कागजातको प्रतिलिपि।

(२) थासाङ गाउँपालिका भित्रका कृषक/कृषक समूह/कृषि सहकारी/कृषि तथा पशुपंक्षी फर्म/ माछा फर्म/ कृषि तथा पशुपालन समितिले तोकिएको समय भित्रमा दफा ७ को उपदफा (१) बमोजिमका आवस्यक कागजात सहित निवेदन दिन सक्नेछन।

(३) दफा ७ को उपदफा (१) बमोजिम आएका आवेदनहरु थासाङ गाउँपालिकाको सम्बन्धित शाखामा दर्ता गराउनु पर्नेछ।

**परिच्छेद ६**

**छनौट प्रक्रिया**

९. **छनौट प्रक्रियाः-**

(१) रित पुर्वक पेश हुन आएका आवेदकहरुलाई सम्बन्धित शाखाको अनुगमन प्रतिवेदनको आधारमा निर्देशक एवं छनौट समितिमा पेश गरिनेछ।

(२) **निर्देशक एवं छनौट समितिः** उपदफा (१) बमोजिमको निर्देशक एवं छनौट समिति देहाय बमोजिम हुनेछ।

(क) गाउँपालिका अध्यक्ष - संयोजक
(ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य
(ग) प्रमुख, आर्थिक प्रशासन शाखा - सदस्य
(घ) प्रमुख, प्रशासन शाखा - सदस्य
(ङ) प्रमुख, प्राविधिक तथा योजना शाखा - सदस्य
(च) प्रमुख, कृषि विकास शाखा - सदस्य
(छ) प्रमुख, पशु सेवा शाखा -सदस्य

उल्लेखित समितिमा कृषि विकास शाखाको कार्यक्रममा पशु सेवा शाखाको प्रमुख सदस्य र कृषि विकास शाखा प्रमुख सदस्य-सचिव रहनेछ, त्यसैगरी पशु सेवा शाखाको कार्यक्रममा कृषि विकास शाखाको प्रमुख सदस्य र पशु सेवा शाखाको प्रमुख सदस्य-सचिव रहनेछ । छनौट समितिमा आवश्यकताअनुसार अन्य शाखाका शाखा प्रमुखहरु पनि रहन सक्नेछन।

(३) प्राप्त भएका आवेदनहरु मध्येबाट अनुदानग्राहीको छनौट गरि सार्वजनिक सूची प्रकाशन गरिनेछ। उक्त सूची उपर कुनै गुनासो वा निवेदन भएमा उक्त छनौट समितिमा पेश गरिनेछ।

(४) अनुदानग्राहीको सूची परिमार्जन गर्नुपर्ने भएमा परिमार्जन संसोधन गरी पूनः प्रकाशन गरिनेछ र यदि संसोधन गर्नु नपर्ने भएमा प्रथम पटकको सूचीलाई नै मान्यता दिईनेछ।

(५) **छनौटका आधारहरुः-**

कृषक छनौटका आधार देहाय बमोजिम हुनेछ ।

(क) आयश्रोत न्यून भएका कृषक परिवार।

(ख) दलित, जनजाति, एकल महिला, अपाङ्ग महिला तथा पुरुष।

थासाङ गाउँपालिका

(ख) व्यवसायिक फर्म दर्ता तथा व्यवसायमा निरन्तर लागेको कृषक परिवार, कृषि सहकारी/समिति/कृषक समूह।

(ग) पशुपालन व्यवसायलाई अंगाल्न सक्ने अभिरूचि भएका कृषक।

(घ) बिदेशबाट फर्की नेपालमै पशुपालन व्यवसाय गर्ने इच्छाशक्ति भएको युवा ।

(ङ) गाई, बाखा, पाडा तथा बंगुरपालनमा आफ्नो गोठ तथा खोरको व्यवस्था भएकोलाई प्राथमिकता दिइने।

(च) चरन तथा पशु आहारको व्यवस्था गर्न सक्ने ।

(छ) खोर निर्माण अनुदानको हकमा कम्तीमा बीस वटा स्थानिय वा उन्नत जातको कुखुरा हाँसपालन गरिएको।

(ज) अघिल्ला आर्थिक बर्षहरूमा अनुदान रकम नलिएको ।

## परिच्छेद ७

## अनुगमन र भुक्तानी

१०. **अनुगमन सम्बन्धि व्यवस्थाः-**

(१) यस कार्यक्रमको अनुगमन आवश्यकताअनुसार गाउँपालिकाको अनुगमन समिति, वडा समिति र सम्बन्धीत विषयगत शाखाहरू गर्नेछन र प्रतिवेदन समिति समक्ष पेश गरिनेछ। आवश्यकताअनुसार निर्देशक तथा छनौट समितिले आवश्यक जाँचबुझ गर्न सक्नेछ ।

११. **भुक्तानीः-**

(१) निर्देशक तथा छनौट समितिको निर्णय सहितको सिफारिश एवं कार्यपालिकाको निर्णयबमोजिम कार्यसम्पन्न भएपछि सम्बन्धित अनुदानग्राही/लाभग्राहीको खातामा अनुदान रकम भुक्तानी दिईनेछ ।

(२) सम्झौतामा उल्लेख भए बमोजिम कार्य नगरेमा गाउँपालिकाले त्यस्ता अनुदानग्राहीलाई उपदफा (१) बमोजिम भुक्तानी दिन बाध्य हुने छैन।

## परिच्छेद ८

## विविध

१२. **बाधा अड्काउ फुकाउः-** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अडचन परेमा समितिले निर्णय गरी त्यस्तो निर्णय कार्यपालिकाबाट स्वीकृत वा अनुमोदन गर्नुपर्नेछ।

१३. **प्रचलित कानुन बमोजिम हुनेः-** यस कार्यविधिमा लेखिएका विषयमा यसै कार्यविधि बमोजिम र नलेखिएको विषयमा प्रचलित कानुन बमोजिम हुनेछ। प्रचलित संघीय र प्रदेश कानुनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुने भई प्रचलित संघीय र प्रदेश कानुन नै लागू हुनेछ ।

१४. **संसोधन**:-यो कार्यावधिको कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन गाउँपालिकाले आवश्यकता अनुसार यस कार्यविधिमा थपघट, हेरफेर तथा संसोधन गर्न सक्नेछ।

१५. **खारेजी र बचाउ**:- यस भन्दा अगाडी यस गाउँपालिकाबाट संचालन भएका कृषि तथा पशु क्षेत्रसँग सम्बन्धित कार्यक्रम तथा अनुदानहरू यसै कार्यविधिबमोजिम भएको मानिनेछ।

थासाङ गाउँपालिका

## अनुसूची-१

## प्रस्ताव आव्हान सम्बन्धि सूचना

## सूचना नं.

**प्रथम पटक सूचना प्रकाशित मिति ...................**

**सूचना । सूचना ।। सूचना।।।**

यस थासाङ गाउँपालिकाको आ.व............ को बार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत...................कार्यक्रम संचालन गरिने भएको हुँदा यस गाउँपालिका भित्रका इच्छुक कृषक/ कृषक समूह/कृषि सहकारी/समिति/कृषि तथा पशुपंक्षी फर्म/माछा फर्म/ कृषि तथा पशुपालन समितिबाट कार्यक्रम कार्यान्वयन गर्न निवेदन दिनको लागि यो सूचना प्रकाशित गरिएको छ।यो सूचना प्रकाशित भएको मितिले ........दिनभित्र तपशिल बमोजिमका कागजात संलग्न गरि सम्बन्धित शाखा/वडा कार्यालयमा पेश गर्नुहुन अनुरोध छ। साथै रित नपुगेका र म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराइन्छ।प्रस्ताव पत्र/निवेदनको ढाँचा र कृषक विवरणको ढाँचा सम्बन्धित शाखा/वडा कार्यालयबाट प्राप्त गर्न सकिनेछ।

(क) निवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु

(ख) व्यक्तिगत निवेदन र कृषि गरेको विवरण (अनुसूची २ र अनुसूची ३)

(ग) वडा कार्यालयको दोहोरो सुबिधा नलिएको सिफारिश (अनुसूची ४ )

(घ) नेपाली नागरिकताको प्रतिलिपि।

(ङ) कृषक/कृषक समूह/कृषि सहकारी/समिति/कृषि तथा पशुपंक्षी फर्म/ माछा फर्म/ कृषि तथा पशुपालन समितिको हकमा प्रचलित ऐन बोजिम सम्बन्धित निकायमा दर्ता र नविकरण भएको प्रमाणपत्र साथै कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि।

(च) कृषक/ कृषक समूह/कृषि सहकारी/कृषि तथा पशुपंक्षी फर्म/ माछा फर्म/ कृषि तथा पशुपालन समितिको हकमा कार्यसमितिको बैठकले अनुदान माग गरेको निर्णयको प्रतिलिपि।

(छ) जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि र जग्गा भाडामा लिएको भए प्रचलित नियम बमोजिम कम्तिमा ५ बर्षका लागि भाडामा लिएको खुल्ने कागजातको प्रतिलिपि।

थासाङ गाउँपालिका

## <u>अनुसूची-२</u>

### निवेदन फारमको नमुना

**श्री कृषि/पशु शाखा प्रमुख ज्यू,**
**थासाङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,**
**कोबाङ, मुस्ताङ।**

**<u>विषयः कृषि/पशु विकास कार्यक्रम........को लागि अनुदान पाउँ भन्ने बारे।</u>**

प्रस्तुत विषयमा थासाङ गाउँपालिकाको मिति...........मा प्रकाशित सूचना अनुसार म/यस...........ले गाउँपालिकाको सहयोगमा ....................अनुदान कार्यक्रम संचालनका लागि सूचना तोकिए बमोजिमका कागजात संलग्न राखि यो दरखास्त पेश गरेको/गरिएको छु/छ। कृषि तथा पशुपालन कार्यक्रम अनुदान कार्यविधि, २०८० ५र अन्य प्रचलित कानुन बमोजिमका सर्तहरु पालना गर्न मन्जुर छु/छौ।

निवेदक

............................

थासाङ गाउँपालिका

<u>अनुसूची-३</u>

**कृषि विकास कार्यक्रमको लागि अनुदान उपलब्ध गराउने कार्यक्रममा सहभागि हुने कृषकको विवरण**

(ज) कृषकको नामः

(झ) स्थायी ठेगानाः

(ञ) खेति गरिएको जम्मा क्षेत्रफलः

(ट) स्याउको क्षेत्रफल र संख्याः

(ठ) ओखरको क्षेत्रफल र संख्याः

(ड) तरकारी लगाएको क्षेत्रफलः

(ढ) आलु बालिको क्षेत्रफल र उत्पादनः

(ण) खेति नगरि राखेको बाझो जमिनको क्षेत्रफलः

(त) उवा/जौ/फपर खेतिको क्षेत्रफलः

संस्थाको हकमा (कृषक/कृषक समूह/कृषि सहकारी/कृषि तथा पशुपंक्षी फर्म/ माछा फर्म/ कृषि तथा पशुपालन समिति)

(क) संस्थाको नामः

(ख) ठेगनाः

(ग) संस्था गठन भएको मितिः

(घ) संस्थाको उद्धेश्यः

(ङ) मासिक बचतः छ () छैन ()

(च) संस्था कार्यान्वयनको प्रमाण

(छ) (क) निर्णय () (ख) नगद खाता () (ग) बैंक खाताको विवरण () (घ) दर्ता प्रमाण पत्र () (ङ) अचल सम्पतिको स्वामित्वको प्रमाण पत्र ()

(ज) संस्थाको सदस्य विवरण

| क्र.स. | सदस्यको नाम | स्थायी ठेगाना | खेति योग्य जमिन/बालि |
|---|---|---|---|
| | | | |

## अनुसूची-३

## पशु विकास कार्यक्रमको लागि अनुदान उपलब्ध गराउने कार्यक्रममा सहभागि हुने कृषकको विवरण

(क) कृषकको नाम

(ख) स्थायी ठेगना

(ग) जम्मा गाई को संख्या

(घ) जम्मा भैंसी को संख्या

(ङ) जम्मा बाख्राको संख्या

(च) जम्मा भेडाको संख्या

(छ) जम्मा कुकुरको संख्या

(ज) जम्मा याक/नाकको संख्या

**संस्थाको हकमा** (कृषक/कृषक समूह/कृषि सहकारी/कृषि तथा पशुपंक्षी फर्म/ माछा फर्म/कृषि तथा पशुपालन समिति)

(क) संस्थाको नाम

(ख) ठेगाना

(ग) संस्था गठन भएको मिति

(घ) संस्थाको उद्धेश्यः

(ङ) मासिक बचतः छ () छैन ()

(च) संस्था कार्यान्वयनको प्रमाण

(छ) (क) निर्णय () (ख) नगद खाता () (ग) बैंक खाताको विवरण () (घ) दर्ता प्रमाण पत्र () (ङ) अचल सम्पतिको स्वामित्वको प्रमाण पत्र ()

(ज) संस्थाको सदस्य विवरण

| क्र.स. | सदस्यको नाम | स्थायी ठेगाना | पशुपंक्षी संख्या |
|---|---|---|---|
| | | | |

थासाङ गाउँपालिका

## अनुसूची-४
## सम्बन्धित वडाको सिफारिस पत्र

**श्री कृषि/पशु विकास शाखा प्रमुख ज्यू,**
**थासाङ गाउँपालिका, कोबाङ, मुस्ताङ।**

विषयः सिफारिस गरिएको बारे।

तहाँ शाखाको मिति..........मा प्रकाशित सूचना अनुसार..................... कृषक/ कृषक समूह/कृषि सहकारी/कृषि तथा पशुपंक्षी फर्म/ माछा फर्म/ कृषि तथा पशुपालन समितिले थासाङ गाउँपालिका वडा नं.........को.........क्षेत्रफल/संख्या.......भएको जग्गामा ..............अनुदान कार्यक्रम संचालनको लागि सिफारिस गरिएको व्यहोरा अनुरोध छ।

....................
**वडा अध्यक्ष**

थासाङ गाउँपालिका

## अनुसूची-५
## सम्झौता पत्रको नमूना

**थासाङ गाउँपालिका कृषि विकास/ पशु सेवा शाखा अन्तर्गतको.........................कार्यक्रम संचालनसँग सम्बन्धित सम्झौता पत्र**

**सूचना/सम्झौता नं. ............**

**मिति......................**

कृषि तथा पशुपालन कार्यक्रम अनुदान कार्यविधि, २०८० र निर्देशक तथा छनौट समितिको मिति.................. को निर्णय बमोजिम यस थासाङ गाउँपालिका अन्तर्गतको .................................. कृषक/ कृषक समूह/कृषि सहकारी/कृषि तथा पशुपंक्षी फर्म/ माछा फर्म/ कृषि तथा पशुपालन समिति (यस पछि दोस्रो पक्ष भनिने) र थासाङ गाउँपालिका (यस पछि प्रथम पक्ष भनिने) बीच देहाय बमोजिमको शर्त पालना गर्ने गरी यो सम्झौता-पत्रमा हस्ताक्षर गरी एक/एक प्रति लियौं/दियौं।

१. सम्झौता गर्ने पक्ष र योजना
   १. थासाङ गाउँपालिका अन्तर्गतको .................................. कृषक/कृषक समूह/कृषि सहकारी/कृषि तथा पशुपंक्षी फर्म/ माछा फर्म/ कृषि तथा पशुपालन समितिबाट सम्झौता गर्ने
      (क) आधिकारिक प्रतिनिधिः
      (ख) नामः
      (ग) ठेगानाः
   २. योजना स्थलको विवरणः
      (क) थासाङ गाउँपालिका वडा नं. ......... गाउँ/टोल............................
   ३. योजना कार्यान्वयन अवधि
      (क) शुरु हुने मितिः
      (ख) सम्पन्न हुने मितिः

२. योजना अन्तर्गत सन्चालन हुने कृयाकलाप सम्बन्धी विवरणः
   (१) कार्यक्रमको नामः
   (२) कार्यक्रमको किसिमः
   (३) कार्यक्रमबाट प्रत्यक्ष लाभान्वित हुने
      (क) कृषक परिवार संख्याः
      (ख) जनसंख्याः
      (ग) समुदायः
      (घ) दलित/जनजातिः

३. सम्झौताका शर्तहरुः

थासाङ गाउँपालिका

(१) यो सम्झौता पत्र थासाङ गाउँपालिकाको आ.ब.........अन्तर्गतको ....................कार्यक्रम कार्यान्वयन गर्न .................................. कृषक/ कृषक समूह/कृषि सहकारी/कृषि तथा पशुपंक्षी फर्म/ माछा फर्म/ कृषि तथा पशुपालन समिति र थासाङ गाउँपालिका बीच ..............................................अनुदान सहयोग गर्ने प्रयोजनको लागि प्रयोग गरिनेछ। यस ............................................ कृषक/ कृषक समूह/कृषि सहकारी/कृषि तथा पशुपंक्षी फर्म/ माछा फर्म/ कृषि तथा पशुपालन समितिमा देहाय बमोजिम स्पेशिफिकेशन अनुसारको .............................. अनुदान सामग्री खरिद एंव व्यवस्थापन गरिने छ।

| क्र.स | खरिद सामग्रीको नाम | स्पेशिफिकेशन | परिमाण | कैफियत |
|---|---|---|---|---|
| | | | | |

(२) सम्झौता पत्रमा हस्ताक्षर गरेको मितिदेखि यो सम्झौता प्रारम्भ भएको मानिनेछ।

(३) दोस्रो पक्षले सम्झौतामा हस्ताक्षर भएपछि तत्काल काम सुरु गर्नुपर्नेछ।

(४) दोस्रो पक्षले यस योजना सन्चालनको लागि सम्झौता गरिएको क्रियाकलापहरुको लागतमा तोकिएको................प्रतिशत नगदै प्रथम पक्षलाई दिनुपर्नेछ।

(५) दोस्रो पक्षले यसै योजना सम्बन्धि अनुदान अन्य संस्थाबाट लिएको/नलिएको खुल्ने गरि स्वघोषणा गर्नुपर्नेछ।

(६) दोस्रो पक्षले योजना अन्तर्गत क्रियाकलापहरु संचालन गर्दा प्रथम पक्ष अन्तर्गतका सम्बन्धित प्राबिधिकले दिएको निर्देशन अनुसार गर्नुपर्नेछ।

(७) दोस्रो पक्षले योजना अन्तर्गत संचालन भएको क्रियाकलापहरुको कार्य सम्पन्न प्रतिवेदन सम्बन्धित प्राबिधिकबाट तयर गरि/ गराई प्रत्यक्ष लाभान्वित कृषकहरुको बैठक निर्णयबाट अनुमोदन गराएपश्चात कात्र सम्झौता बमोजिमको अनुदान रकम भुक्तानी दिईनेछ। यसरी भुक्तानी पाउन दोस्रो पक्षले अनिवार्य रुपमा तोकिएको लागत साझेदारी प्रतिशत सहितको कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्नेछ।

(८) दोस्रो पक्षको लापरवाहीको कारणबाट कार्य सम्पन्न नभई हानी नोक्सानी भएमा त्यसको सम्पूर्ण जिम्मेवारी सम्बन्धित.............................. कृषक/ कृषक समूह/कृषि सहकारी/कृषि तथा पशुपंक्षी फर्म/ माछा फर्म/ कृषि तथा पशुपालन समितिको हुनेछ।

(९) दोस्रो पक्षले योजना/ अनुदान कार्य शुरु गर्नु भन्दा पूर्व, संचालन हुदै गरेको र सम्पन्न भए पश्चातको फोटोहरु अन्तिम भुक्तानीको लागि पेश गरिने बिल भरपाईका साथमा अनिवार्य रुपमा संलग्न गर्नुपर्नेछ।

(१०) प्रथम पक्षले सम्झौता बमोजिम खर्च रकमको बिल भरपाई सहितको कार्य सम्पन्न प्रतिवेदन दोस्रो पक्षबाट प्राप्त भए पश्चात रु...................। (अक्षरुपी.......................रुपैंया) मा नबढ्ने गरी नियमानुसारको कन्टेन्जेन्सी र १.५ प्रतिशत अग्रिम कर कट्टा गरि दोस्रो पक्षलाई भुक्तानी गराईनेछ। दोस्रो पक्षले भुक्तानी पाउन अनिवार्य रुपमा विल विजक पेश गर्नुपर्नेछ।

थासाङ गाउँपालिका

(११) दोस्रो पक्षले कृषि उत्पादनको लागि लिएको अनुदान रकम..................खरिद कार्यमा प्रयोग नगरि हिनामिना भएको देखिएमा वा बिबिध कारणबस खरिद समाग्रीको हानी नोक्सानी हुन गएमा प्रचलित नियम कानून बमोजिम दिइएको अनुदान रकम दोस्रो पक्षबाट असुल उपर गरिनेछ।

(१२) अनुदान रकम वा सामाग्री हस्तान्तरण भई सकेपछि सोको मर्मत सम्भार सम्बन्धी सम्पूर्ण कार्य दोस्रो पक्ष आफैले गर्नु पर्नेछ।

(१३) योजना/ अनुदान सम्बन्धी दोस्रो पक्ष र प्रथम पक्ष बीच कुनै विवाद आएमा प्रथम पक्षको छनौट समितिको निर्णय अन्तिम हुनेछ।

(१४) दोस्रो पक्षले समयमा कार्य सम्पन्न गर्न नसकेमा सम्झौता बमोजिमको रकम भुक्तानी दिन प्रथम पक्ष बाध्य हुन् छैन।

(१५) यो सम्झौतामा उल्लेख भएका कुराहरुमा यसै बमोजिम र अन्य कुराहरमा प्रचलित कानून बमोजिम हुनेछ।

उपरोक्त बमोजिम कार्य गर्न मन्जुर छु/छौ भनी दस्तखत गर्नेः

प्रथम पक्षको तर्फबाट

नाम थरः

पदः

दस्तखतः

मितिः

| साक्षी १ | साक्षी २ |
|---|---|
| नामः | नामः |
| पदः | पदः |
| दस्तखतः | दस्तखतः |

**दोस्रो पक्षको तर्फबाट**

कृषक/ कृषक समूह/कृषि सहकारी/कृषि तथा पशुपंक्षी फर्म/ माछा फर्म/ कृषि तथा पशुपालन समितिबाट प्रतिनिधि नामः

प्रतिनसधित्व गर्ने कृषक/ कृषक समूह/कृषि सहकारी/कृषि तथा पशुपंक्षी फर्म/ माछा फर्म/ कृषि तथा पशुपालन समितिको नामः

ठेगानाः

दस्तखतः

संस्थाको छापः

| साक्षी १ | साक्षी २ |
|---|---|
| नामः | नामः |
| पदः | पदः |
| दस्तखतः | दस्तखतः |

प्रमाणीकरण मितिः- २०८०/०२/०४

**आज्ञाले,**

**नगेन्द्र सुवेदी**

**प्रमुख प्रशासकीय अधिकृत**

थाहा गाउँपालिका